


# समकालीन नेपाल

## जल्दाबल्दा प्रश्न

**विश्वम्भरमान सिं प्रधान**

**ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल**
२०५८

# लेखकीय निवेदन

**यस** संगालोमा परेका लेख-रचनाहरू सबैजसो आर्थिक विषयसम्बन्धी छन् र ती सबै स्थानीय दैनिक समाचारपत्र तथा पत्रपत्रिक,ामा प्रकाशित भएका थिए। चर्चा र चासो पाएका ती विषयहरूमध्ये केही त मुद्दा नै बनेका हुन्। चर्चा–परिचर्चा बढ्न थालेपछि विषयबारे कौतुहलतापूर्ण जिज्ञासा मेट्न अध्ययन गर्दै जाँदा 'मनलाई छोएका' विषयहरूबारे मात्र लेखिएका थिए।

तर नेपालका विज्ञ पाठकहरूका निम्ति ती विषयहरू नयाँ, नौलो न होलान् पनि। र, यो मेरो पहिलो पुस्तक हो। मेरै पारामा लेखिपस्केको हिसाबले मात्र नौलो देखिनु स्वाभाविक छ। पुस्तकलाई पाठकहरू माझ बजारमा ल्याइएको हुँदा ती विषयहरूबारे यहाँ विशेष चर्चा गरिरहन आवश्यक ठानिन।

साथै यो भन्नु अत्युक्ति नहोला कि नेपालबारे, विशेषगरी आर्थिक पक्षमा केही लेख्न गाह्रो अनुभव गरें। सूचना, तथ्याङ्क, तथा अन्य प्रकाशित सामग्री देख्नमा थुप्रै छन् तापनि ती धेरै कुराहरू संस्थागत तथा संगठित पनि देखिदैनन्। कुनै विषय चर्चामा आए पनि सोका नालीबेली थाहा हुन सम्भव पनि थिएन। सोका बाबजूद पनि लेख-पढ एक बौद्धिक अभ्यास हो भन्ने ठानेर लेख्ने गरेको छु।

हिजोआज लेख–रचना लेख्ने, पुस्तक लेख्ने बुद्धिजीविहरूको संख्या पहिलेभन्दा निकै बढेको पाइन्छ। लेखहरू रचनात्मक छन् भने अनुसन्धानमूलक पनि होलान्। तर लेखकहरूमा बौद्धिक ह्रास आइरहेको आभाष पनि भएको छ। निजहरूले के प्रेरणा पाउने त ? राष्ट्रिय विषयहरूबारे हुने संवादमा, अन्तरक्रियामा सहभागी बनाउने, लेख–रचनाहरू हेरी कार्यपत्रहरू पेश गराउने, विस्तृत छलफल गर्ने गराउने तथा आम जानकारीमा ल्याउन प्रकाशित गर्ने पनि प्रचलन छ। अर्को शब्दमा, राष्ट्रिय विकासका कार्यक्रमहरूमा सहभागी बनाउने, निजहरूका विचारोत्तेजक धारणा, चिन्तनहरूलाई एकीकृत गर्दै लाने काम हुनुपरेको छ। देश बिकास कार्यमा सघाउन चाहने अरू पनि होलान् !

जहाँसम्म यस संग्रहका लेखहरूले प्रतिनिधित्व गरेका मूलभूत कुराहरूको सवाल छ, यसबारे छुट्टै दुई शब्द लेख्नु उपयुक्त हुनेछ। लेखहरू धेरैजसो नेपालका आर्थिक विषयसम्बन्धी नै हुन्। ती चर्चामा आएका विकृति र विसंगतिपूर्ण नै कारण थिए। सोको निराकरण नहुँदा अनेक समस्याहरू आई सम्बन्धित निकायको अस्तित्वमा नै भारी असर परेको देखियो। व्यवस्थापनको विद्यार्थीले विषयगत अध्ययन गर्दा व्यवस्थापकीय दृष्टिले हेर्नु स्वाभाविक हुन्छ। उसको लगाव तथा झुकाव त्यसैमा हुनेगर्छ। अध्ययनको निस्कर्ष वस्तुपरक हुनुपर्छ भन्ने कुरामा जोड दिइन्छ। यो अवधारणा बोकेको व्यक्ति वा संस्थाले के देख्न चाहन्छ भने हाम्रो नेपालको नागरिक समाजका हर शिक्षित, जिम्मेवारीमा रहेका पदाधिकारीहरूले व्यवस्थापनको सिद्धान्तको केही अंश त बुझेकै हुनुपर्छ। ओहदामा पुगेकाले कुनै निर्णयमा पुग्नु अगाडि आफ्नो सामु रहेको विषयबारे राम्ररी बुझ्नुपरेको हुन्छ। निजबाट हुने निर्णयबाट व्यक्ति, समूह, समाज र देशलाई भारी असर पर्छ। के कस्तो निर्णय गर्दा समाजको विकासमा टेवा पुग्नेछ भन्ने कुरा कदापि बिर्सन मिल्दैन। निजले आफ्नो नैतिक जिम्मेवारीलाई बन्धकीमा राखेर गरेको निर्णय निश्चय पनि अभिशाप हुनेछ।

देशको संसदीय व्यवस्था, नियम कानूनको संरक्षण र संवर्धन गर्ने अदालतीय व्यवस्था, सो बमोजिम गर्ने गराउने मन्त्रिपरिषद, मन्त्रालय, विभाग, सरकारी संघ-संस्था, वित्तीय संस्थाहरू, निजीक्षेत्र आदि सबै नियम कानूनबाट अनुशासित पनि हुने गर्दछन्। ती सबै निकायमा निर्णायक भूमिका निभाउने व्यक्तिहरू नै हुने गर्दछन्। साथै भएका व्यवस्थामा सुधार, पद्धतिको विकास तथा सोमा सम्बद्ध सबै पक्षका व्यावसायिकस्तर उत्तरोत्तर बृद्धि हुँदा मात्र ती निकायहरूको काम गर्ने तौर तरीकामा पारदर्शिता बढ्छ र कोही कसैबाट अनर्गल काम भएको पहिचान हुन्छ। व्यवस्थापनको संरचना गर्ने मान्छे नै हुने भएकोले सम्बन्धित सबैको मेहनत, लगनशीलता तथा इमान्दारीबाट मात्र देश विकास हुन सम्भव छ।

यस हिसावको सोचाई, लेख-पढ क्रममा लाग्दै जाँदा एक दिन 'भ्रष्टाचार विरुद्धको सहकार्य' अभियानमा लाग्नुभएका डा. देबेन्द्रराज पाण्डेसँग जम्काभेट भयो। निजको यसबारेमा अवधारणा निक्कै गहकिलो महसुस गरी विगत १९९६ देखि ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल ('टिन') का अध्यक्ष डा. पाण्डेको नेतृत्वमा हाल संचालित कार्यक्रमहरूमा सघाउन आफू पनि सहभागी भएको छु।

यसै सन्दर्भमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको भूमिकाबारे दुई शब्द लेख्नु उपयुक्त नै हुनेछ। नेपालमा भ्रष्टाचार व्यापक रुपमा बढेको छ। यसको निवारण कसरी गर्ने भन्ने कुरा मुलुकको निम्ति चुनौतीको विषय बनेको छ। नेपालका बुद्धिजीविहरूले पनि भ्रष्टाचारसम्बन्धी खोजपूर्ण विश्लेषण, लेख-रचना र चर्चा आदिका माध्यमबाट आफ्ना धारणाहरू व्यक्त गरिरहेका नै छन्।

भ्रष्टाचार बढेको बारे आवाज उठाउनमा संचार जगत्को भूमिका पनि महत्वपूर्ण रहेको छ। राजनीतिक नेतृत्व र प्रशासनिक उच्च तहबाट भ्रष्टाचारका विरुद्ध प्रतिबद्धता व्यक्त भए पनि यसलाई रोक्न खासै काम हुन नसकेको तथ्य महालेखा परीक्षक तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख भएका वेरुजु तथा अनियमितताले स्पष्ट पारेका छन्। वर्तमान सरकारले भ्रष्टाचार निवारणलाई प्राथमिकता दिएर संसद्मा तीन विधेयकहरू प्रस्तुत गरेको छ। यसै परिवेशमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले संस्थागत पद्धतिमा पारदर्शिता ल्याउने तथा पदीय जिम्मेवारी वहन गर्नमा

जनजागरण ल्याउने, सार्वजनिक निकायमा सदाचार पद्धति लागू गर्ने, जनसंचारका माध्यमबाट भ्रष्टाचार निवारणका कार्यक्रमहरू प्रचार-प्रसार गर्ने, जनगुनासाहरू सरकारी कार्यालयमा पुऱ्याउने र राष्ट्रियस्तरका संघ-संस्थाहरू तथा नेपालस्थित अन्तर्राष्ट्रिय नियोग संघ-संस्थाहरूसँग सहकार्य गर्ने विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दैआएको छ।

नेपालमा भ्रष्टाचार जनसरोकारको विषय बन्न पुगेको छ। यसले राजनीतिक अस्थीरता सिर्जना गरेको, विकास कार्यहरू पछि परेको, गरीबी बढेको, बेरोजगारी पनि बढेको जाने बुझेका सबैको चासोको विषय भएको छ। यसको निराकरण नभई बढ्दै गएबाट प्रजातन्त्र समेत खतरामा पर्नसक्ने आंशका बढ्न थालको छ। यसो हेर्दा संस्थागत संरचना र कानूनी व्यवस्थाका दृष्टिबाट नेपालको भ्रष्टाचार निवारणको अवस्था उति कमजोर नहोला तर यसप्रतिको प्रतिबद्धताको हिसाबमा एशियाली देशहरूभन्दा पछि परेको बुझिन्छ। अतः नागरिक समाजले मूलतः राजनीतिकर्मीहरू माथि भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक प्रतिबद्धता देखाउन दबाब दिनु नेपालको निम्ति सबैभन्दा मुख्य चुनौतीको विषय भएको छ।

यस संग्रहको प्रकाशनका निम्ति ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल ('टिन') बाट सहयोग जुटेकोले संयोगले मात्र यो तत्काल प्रकाशित हुन संभव भएको छ। यस निमित्त टिनप्रति म धेरै अनुगृहितका साथै ऋणी पनि छु।

'टिन'का वर्तमान अध्यक्ष तथा नेपालका विशिष्ट अर्थविद् **डा. देवेन्द्रराज पाण्डे**ले 'छोटो भनाइ' लेखिदिनुभएबाट पनि मेरो हौसला निक्कै बढेको महशुस भएको छ। यस अपार सद्भाव सहयोगका निम्ति वहाँप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

यसैगरी नेपालका एक वरिष्ठ बुद्धिजीवि पत्रकार **रामकृष्ण रेग्मी**ले 'संकलनलाई नियाल्दा' लेखिदिनुभएको र सोको अलावा यस पुस्तकको प्रकाशन निम्ति व्यावसायिक सरसल्लाहको साथै प्राविधिक पक्षहरूसमेत जुटाइदिनुभएकोमा म वहाँप्रति साह्रै कृतज्ञ छु।

यस संग्रहको पेज मेकिङ कार्यमा सहयोग प्रदान गर्न हुने **श्याम महर्जन "कोर्पा"** तथा यसको मुख पृष्ठको आवरणको कलाकृति कोरी दिनुहुने **महेन्द्र श्रेष्ठ**लाई पनि मेरो तर्फबाट धेरै धन्यवाद छ।

अन्ततः 'टिन'का एकजिक्युटिभ डाइरेक्टर **आशिष थापा**को अमूल्य सहयोग म कहिल्यै पनि बिर्सन सक्तिन। यसका साथै 'टिन' प्रशासनका अन्य कर्मचारीहरू पनि मेरो धन्यवादका पात्र छन्।

# छोटो भनाइ

जल्दाबल्दा प्रश्न नभएको समाज जीवन्त हुँदैन, त्यसले गति लिदैन । परिवर्तन उन्मुख समाजको चिनारी नै के हो भने त्यसले विद्यमान प्रश्न वा द्वन्दहरूसँग जुध्ने प्रकृयाहरूको व्यवस्था गरेको हुन्छ र त्यही क्रममा समाजले प्रगतिको बाटो तताउँछ । नेपालमा पनि केही न केही मात्रामा पहिले नभएका नयाँ समस्याहरू उत्पन्न हुँदैगएको देख्दा, यी समस्याहरू प्रगतिका परिचायक हुन् कि भन्ने विश्वास गरेर केही सन्तोष लिन सकिन्छ होला । तर पुराना समस्या यथावत् र नयाँ प्रश्नहरू जन्मनेक्रम चैं अगाडि बढ्ने स्थिति हेर्दा त्यसबारे निश्चिन्त भइहाल्न पनि गाह्रो पर्छ, खासगरी आजको नेपालको अवस्थाको पृष्ठभूमिमा । हाम्रा कमजोरीहरूको पछाडिका कारणहरू के हुन् त, समस्या पद्धति र प्रकृयाको हो कि नेताहरूको विश्व दृष्टिकोण, चिन्तनदेखि आचार र आचरणमा देखिएका त्रुटीहरू भन्ने बारे बहस चलेकै छ । यस पृष्ठभूमिमा श्री विश्वम्भरमान सिं प्रधान लिखित यस संकलनका रचनाहरू पढेर देशको स्थिति र प्रवृत्तिबारे के धारणा बनाउने भन्ने कुराको जिम्मा हाल पाठकहरूलाई नै छाड्नु पर्ला । आर्थिक, व्यापारिक र व्यावसायिक क्षेत्रका केही महत्वपूर्ण प्रवृत्ति र अवस्थाबारे उठाइएका प्रश्नहरूलाई आधार बनाएर उत्तर खोज्ने चुनौती हाम्रो अगाडि राखिदिनुभएकोमा लेखकको योगदानको कदर भने गर्नैपर्छ ।

सरसर्ती हेर्दा आर्थिक र केही हदसम्म प्राविधिक चरित्रका विषय र विश्लेषणमा आधारित हुँदाहुँदै पनि यस रचनाले समग्ररुपमा नेपाली समाज र खासगरी आर्थिक व्यवस्थापनदेखि राज्यसत्ता सञ्चालनसम्मका गहन मुद्दाहरूलाई समेट्न खोजेर देश विकासबारे चासो राख्ने हामी सबैलाई गुन लगाएको छ । यी रचनाहरू पढ्दा समग्रमा मलाई कस्तो अनुभूति भयो भने यो पुस्तक विभिन्न विषयलाई लिएर विभिन्न समयमा विभिन्न समस्याहरूबारे लेखिएको आलेखहरूको संकलन नभएर एउटै मुद्दालाई–आर्थिक सामाजिक विकासको मुद्दालाई–विभिन्न कोणबाट हेर्दा देखिएको अवस्था र उदाएको चिन्तनको प्रस्तुति हो ।

यसमा नीति निर्माताहरूको लागि प्रशस्त खुराक छ । त्यस्तै व्यवस्थापकहरूको निम्ति उपयोगी व्यावहारिक सूत्रहरू पनि पाना पानामा पाइन्छ । अनि जिज्ञासु विद्यार्थीदेखि सर्वसाधारण पाठकहरूले पनि सरल भाषामा प्रस्तुत यी लेखहरूमा प्राविधिक ज्ञान र सूचनाको सानोतिनो भण्डार नै पाउलान् ।

मुलुकमा विद्यमान जे जस्ता समस्या र प्रश्नहरूको विश्लेषण गरिएको छ, त्यसबाट निस्केको निष्कर्षको आधारमा आवश्यक सुधारको निम्ति सुझाब र मन्तव्य दिनबाट पनि लेखक चुकेको देखिँदैन । यो पक्ष सबैजसो लेखमा पाइन्छ । उदाहरणको निम्ति ४ बर्षअघि २०५४ सालमा नेपाली बैंकिङ्ग क्षेत्रसम्बन्धी वा २०५६ सालमा लेखिएको संस्थागत कर्जा बारेका लेखहरूलाई लिन सकिन्छ । बैंकिङ्ग क्षेत्रमा भएको संयुक्त लगानीबाट अपेक्षा गरिएका कतिपय कामहरू नहुँदा र त्यसले गर्दा समेत मुलुकका पुराना बैंकहरूको व्यवस्थापन नीति र प्रकृयामा सुधारात्मक पाइला नचालिँदा हामीले भोग्नुपरेका कठिनाई हाम्रो सामू छँदैछ । त्यस्तै जापानको व्यवस्थापन संस्कृति वा शैलीसम्बन्धी लेखलाई लिन सकिन्छ । मिहेनतीहरूको कदर, व्यवस्थापन र कामदारहरूबीचको सहयोगात्मक सम्बन्ध, सहभागितामुखी व्यवस्थापनबारे भाषण, अर्ति उपदेश त हामीकहाँ पनि कम छैन । व्यवहारमा भने उपयोगी संस्कृति र शैली जापानीहरूले देखाउँदैआएका छन्, जसको प्रभाव उनीहरूले गरेको आर्थिक उन्नतिमा देख्न सकिन्छ । त्यस्तै विश्व व्यापारसम्बन्धी लेख होस् वा नेपालको शेयर बजार वा स्टक एक्सचेञ्जसम्बन्धी ती सबैमा उपयोगी सुझावहरू पढ्न पाइन्छ ।

यो पुस्तक भ्रष्टाचार नियन्त्रणको कामको निम्ति चाहिने ज्ञान र हामीले बनाउनु पर्ने दृष्टिकोणको निम्ति पनि सहयोगी हुने मैले देखेको छु । प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भ्रष्टाचारकै बारेमा लेखिएका लेखहरूको महत्वको व्याख्या गरिरहनु पर्दैन । तर बाँकी जम्मैजसो लेखको मूल आशय बुझ्दा त्यसबाट पनि भ्रष्टाचार विरोधी अभियानलाई टेवा पुग्नसक्छ । लेखकले भने जस्तो "प्रजातान्त्रिक पद्धतिमा भ्रष्टाचार दवाएर राख्न सकिँदैन" । यसो हो भने प्रजातन्त्रमा भ्रष्टाचार दण्डित पनि हुनु पर्ने हो कमसेकम भ्रष्टाचार गर्ने, हुने दायरा साँघुरो हुनुपर्ने हो । यसैको निम्ति प्रजातन्त्र र भ्रष्टाचार नियन्त्रण दुबै कुराको निम्ति शासन, प्रशासन, व्यवस्थापनमा पारदर्शिताको महत्वमा जोड दिने गरिन्छ । तर पारदर्शिता ऐन, कानून वा पद्धतिको विकासले मात्र स्थापित हुँदैन । आमनागरिकको चासो र ध्यान पनि त्यसको निम्ति आवश्यक हुन्छ । नीति-निर्माण प्रकृया पारदर्शी भयो भएन, पारदर्शी भएको कुरा पाच्य छ कि छैन, छैन भने देशको हितमा परिवर्तन गराउन कसरी अगाडि बढ्ने भन्ने कुरा बुझ्न चासो राख्नेहरूमा बिषयगत ज्ञान हुनु पनि उत्तिकै आवश्यक छ । प्रस्तुत प्रकाशनका प्रत्येक लेखले आम-नागरिकमा बिषयगत ज्ञानको अभिबृद्धि गराउन मद्दत गर्छ जस्तो मलाई लाग्छ । यस कारणले पनि ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल यो प्रकाशन जनसमक्ष ल्याउन पाएकोमा सन्तोष लिन्छ ।

**देवेन्द्रराज पाण्डे**
अध्यक्ष
टी.आई. नेपाल

# संकलनलाई नियाल्दा

श्री विश्वम्भरमान सिंह प्रधानको आलेख-संकलन *'समकालीन नेपाल जल्दा बल्दा प्रश्न'* वर्तमानमा नेपाली नागरिकहरूले भोगेका समस्या, बेहोरेका व्यावहारिक अड्चन तथा आधिकारिक क्षेत्रले ती फाँटमा देखाएको जागरुकता वा बेवास्ताको दुरुस्त प्रस्तुति हो। वर्षौंको बैंक-कार्य-अनुभवमा जम्मा भएका सीप, बचत स्वरुप विकसित व्यापारिक, व्यवस्थापकीय विद्वत्ता तथा त्यसले कमाएको आलोचना शक्तिको ब्याजलाई लेखक प्रधानले २६ वटा रचनाका कुना कुनामा, किनारा किनारामा होशियारीसाथ छर्नुभएको छ। मध्य नजरमा भने सधैं नै राष्ट्रिय हितलाई जगेर्ना गर्ने चासो रहेको कुरा आलेखहरूले नै औंल्याएका छन्।

*गरिवीमा पिल्सिएको नेपालमा* श्री प्रधान आशाका किरण खोज्न चाहनुहुन्छ भने *मेलम्ची पर्खने यी रित्ता गाग्राहरूमा* आश्वासनका खोक्रोपन देख्नुहुन्छ। लेखक *कालो धनको विश्वव्यापी धन्दा र नेपालमा* तर्सदैं, *भ्रष्टाचारले विकासलाई गाँजेपछिमा* झस्कदैं, *चेज एयर घोटालाः राष्ट्र बैंकको पनि कमजोरी* छ मा ढुनमुनिदै *"भ्याट विरोध तः सीमित वर्गको स्वार्थको लागि भइरहेछ"* भन्न पुग्नुहुन्छ। परिचयात्मक शैलीलाई *विदेशी विनिमय प्रणालीः एक चिनारी* मा प्रस्तुत गर्ने श्री प्रधान *बैदेशिक रोजगारीमा कति मरिमेट्नु ? र, निजीकरण सोचेजस्तो सजिलो छैन* मा उपदेशक नै बनिदिनुहुन्छ।

*गोरखापत्र र निजीकरणको ख्यालख्याल*लाई पत्रकारिता बाहिर रहेर पनि उहाँले जति राम्ररी नियाल्नुभएको छ त्यति त संभवतः संचालक सरकारले पनि हेरेको छैन। *फ्याक्टोरिङ सुबिधाको नालीबेली* खोल्ने हतारमा कतै कतै पेचिला प्रसङ्गलाई सरल बनाउन नभ्याए पनि *नेपाली बैकिङ्ग क्षेत्रः सुधारका आवश्यकताहरू* स्पष्टसँग पहिल्याउनमा उहाँले डाक्टरी डायग्नसिस नै गर्नुभएको भन्नुपर्छ। त्यही सूक्ष्म अबलोकन विधि *भा.रु. ५००: सरकार र राष्ट्रबैंकले दायित्वमुक्त ठान्न मिल्छ* मा लगाइएको छ; त्यसकै झझल्को *निर्यात प्रतीतपत्र घोटाला र केन्द्रीय बैंकको निष्क्रियतामा* फेला पर्छ। *नेपालमा शेयर बजार, नेपालमा स्टक एक्सचेन्ज सम्बन्धित अङ्गहरू, समस्यागत कर्जाः एक परिचर्चा, गुणस्तर व्यवस्थापन TQM, जापानमा व्यवस्थापन शैली* जस्ता आलेखले गहन स्टक, कर्जा, व्यवस्थापन विषयलाई एकै पाठमा बुझाउने जमर्को गरेका छन्।

*तयारी पोशाक उद्योगको बारेमा सोच्नुपर्ने कुरा* पढे, बुझे र मनन गरेमा त भविष्यमा यसले बेहोर्नुपर्ने प्रतिस्पर्धा सुगम हुन जानेछ। *विश्व व्यापार संगठनको सदस्य बनेर नेपालले के पाउँछ के गुमाउँछ* मा प्रस्तुत विश्लेषणलाई *विश्व व्यापार संगठनलाई हेर्दा* सँग गाँसेर बुझेमा नेपालको विश्व व्यापारको स्थिति नै स्पष्ट हुनजान्छः आधारभूमि नै खुल्न जान्छ। विषय चयनको चाहनाले श्री प्रधानलाई कहिले पारवहनमा प्रवाहित गर्छ र मित्रदेशको सदाशयतालाई जरुरी ठान्न लगाउँछ त कहिले विकेन्द्रीकरणको अबधारणामा अल्मलिन बाध्य गराउँछ। त्यसले नै लेखकलाई सुनको आकर्षणमा दौडाएर आयात, महानगरपालिका र चुंगीकर बिवादमा आवश्यक बोल प्रस्तुत गर्न बाध्य गराएको छ।

आर्थिक, व्यापारिक लेखको कमी ती सम्बन्धित स्वतन्त्र अभिव्यक्तिको खाँचो महसुस भएको नेपाली प्रकाशन-संसारमा यो संकलनको आफ्नै किसिमको महत्वपूर्ण योगदान हुनेमा शंका छैन। गुणग्राही बन्न चाहनेका लागि यो सामग्री हो, बौद्धिक खजाना नै हो। ब्यावसायिक लेखन फाँटबाट पर रहेर पनि त्यो फाँटलाई हराभरा बनाउन, स्वयंले योगदान दिन वस्तुगत आधारमा समसामयिक प्रश्नलाई केलाउन श्री प्रधानले पत्रकारले जस्तै अभिव्यक्ति गर्नु भएको छ यो संकलनमा। नीति निर्माणकर्ताले पनि यसलाई पढ्ने चाह राखेमा लाभान्वित हुने संभावना छ। संकलनका अंशहरू छापा माध्यमबाट यदाकदा पढिसकेका पाठकलाई यसले पुष्पगुच्छाको आनन्द दिन्छ भने अन्यलाई समकालीन नेपाललाई बुझ्ने केही कोण प्रदान गर्छ।

यो पुस्तकमा जल्दाबल्दा प्रश्न लिएर अभिव्यक्ति राजमार्गमा यात्रा गर्ने लेखकलाई भविष्यमा प्रकाशनक्रम कायम राख्न र नयाँ नयाँ सवालका उत्तर खोज्न प्रेरणा मिल्नेछ। त्यसबाट नेपाली आर्थिक क्षेत्र लेखनलाई गहन पार्दै जानेमा बलियो योगदान पुग्नेछ। संकलन-प्रकाशनमा यो क्रम थालनी भएर अन्य सामग्री धमाधम आउँदै जाऊन्।

**रामकृष्ण रेग्मी**
**पत्रकार**
**कालीमाटी, काठमाडौं**

## विषय सूची

**विषय**
लेखकीय निवेदन
छोटो भनाइ
संकलनलाई नियाल्दा
गरिवीले पिल्सिएको नेपाल
मेलम्ची पर्खने यी रित्ता गाग्राहरु
कालो धनको विश्वव्यापी धन्दा र नेपाल
भ्रष्टाचारले विकासलाई गाँजेपछि
चेज एयर घोटालाः राष्ट्र बैंकको पनि कमजोरी छ
भ्याट विरोधः सीमित वर्गको स्वार्थका लागि भइरहेछ ?
विदेशी विनिमय प्रणालीः एक चिनारी
वैदेशिक रोजगारीमा कति मरिमेट्ने ?
निजीकरणः सोचेजस्तो सजिलो छैन
गोरखापत्र र निजीकरणको ख्याल-ख्याल
फ्याक्टोरिङ्ग सुविधाको नालीबेली
नेपाली बैंकिङ्ग क्षेत्रः सुधारका आवश्यकताहरू
भा.रु. ५००ः सरकार र राष्ट्र बैंकले दायित्वमुक्त ठान्न मिल्छ ?
निर्यात प्रतीतपत्र घोटाला र केन्द्रीय बैंकको निस्क्रियता
नेपालमा शेयर बजार
नेपाल स्टक एक्सचेञ्ज लि. र सूचीकृत कम्पनी
समस्यागत कर्जाः एक परिचर्चा
पूर्ण गुणस्तर व्यवस्थापन T.Q.M
जापानको व्यवस्थापन शैली
तयारी पोशाक उद्योगको बारेमा सोच्नुपर्ने कुरा
विश्व व्यापार संगठनको सदस्य बनेर नेपालले के पाउँछ के गुमाउँछ ?
विश्व व्यापार संगठनलाई हेर्दा
पारवहन सन्धिको सफल कार्यान्वयन निम्ति भारतको सदाशयता जरुरी
वर्तमान सन्दर्भमा विकेन्द्रीकरणको अवधारणा
महानगरपालिका, सुनको आयात र चुँगीकर विवाद
बहुमूल्य सुनः यो के हुँदैछ ?